प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६८ ॥ २०८१ वैशाख ०३ गते सोमबार (15th Apr 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-

# सैनिक बजारको ऐतिहासिकता झल्काउने स्तम्भ




• सुरेश आले 'सर्जु'

बिर्तामोड। बिर्तामोड १० को सैनिकबजारको इतिहास खोतल्न करिब ६० बर्षअघि फर्किनु पर्छ । २०१९ सालमा तत्कालीन राजा स्व. महेन्द्रले इलाम भ्रमण गरेदेखि सैनिकबजारको इतिहास शुरू हुन्छ। पूर्व राजा महेन्द्रले २ सयजना भूपू सैनिकहरुलाई १ हजार बिगाह जंगल फडानी गरि बस्ती बसाएपछि यस क्षेत्रको नाम सैनिक रहन गएको हो । शुरुमा यस क्षेत्रको नाम भूपू सैनिक हुँदै सैनिकबजार रहन गयो भन्ने इतिहासलाई प्रष्ट पार्नेगरी स्तम्भ निर्माण गरिएको छ । भूपू सैनिक स्मृति प्रतिष्ठानले बिर्तामोड-१० सैनिक बजार क्याम्पमा निर्माण गरेको सैनिक स्तम्भ आइतवार उद्घाटन गरिएको छ। निर्माण भएको लामो समयापछि सैनिक स्तम्भको उद्घाटन गरिएको हो। पार्कसहित सिसाको घेराभित्र रहेको करिव ६ फिट अग्लो गोर्खा सैनिक प्रतिमाको घुम्टो उघारेर पूर्व उपप्रधान तथा जलस्रोत मन्त्री एबं सांसद राजेन्द्रप्रसाद लिङ्देनले उद्घाटन गरे । स्तम्भ छ धुर जग्गामा निर्माण गरिएको छाप्रतिष्ठानका अध्यक्ष ज्ञानबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि लिङ्देन,बिशिष्ट अतिथिहरु झापा क्षेत्र नं.३ ख का प्रदेश सांसद छबिलाल चुडाल,बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाई,बिर्तामोड नगरपालिका वडा न.-१० का वडा अध्यक्ष दुर्योधन गुरुङ, वडाका सदस्य धनकुमारी श्रेष्ठ, सोही वडाका टोल विकास समितिका अध्यक्षहरु, सांसद छबिलाल चुडालका स्वकीय सचिव कृष्ण पोखरेल, महेन्द्र ज्योति मा. बि. का संस्थापक शिक्षक कृष्ण घले,समाजसेवी देवी दंगाल,धनपति बरालगायतको उपस्थिति रहेको थियो ।

२०७३ सालदेखि स्तम्भ निर्माणको कुरा चलेको थियो । प्रतिष्ठानको बिधिवत दर्ता गरी २०७८ मंसिर २५ गतेदेखि आर्थिक संकलन गरि स्तम्भको निर्माण कार्यलाई अघि बढाईएको थियो । स्तम्भ निर्माणका लागि स्थानीय सुनिल मुखियाले आफ्नी स्वर्गीय आमा सुनिता मुखियाको स्मृतिमा पाँच धुर जमिन सैनिक क्याम्पलाई निःशुल्क उपलब्ध गराएका थिए । पछि उनैबाट थप एक धुर जग्गा खरिद गरी ६ धुर क्षेत्रफलमा स्तम्भ निर्माण गरिएको प्रतिष्ठानका सदस्य एवं स्तम्भ निर्माणका अवधारणाकार रिमानध्वज लोक्तामले जानकारी दिए। यसै क्षेत्रमा चाँडै सैनिक प्रबेशद्वार समेत निर्माण गरिने उनले बताए ।

प्रमुख अतिथि लिङ्देनले यस ऐतिहासिक स्तम्भ निर्माण गर्न आफूले पाँच लाख रुपैयाँ बजेट बिनियोजन गरिदिएको र निर्माण कार्य सफल पारी उद्घाटन गरिएकोमा खुशी व्यक्त गरे। यो स्तम्भले सैनिक नामकरण रहनुको कारणसहित ऐतिहासिकता समेत झल्काउने धारणा राखे।

बिशिष्ट अतिथि प्रदेश सांसद चुडालले आफ्नो गाउँघरको परिचय दिने किसिमको ऐतिहासिक स्तम्भ निर्माण भएकोमा प्रतिष्ठानलाई धन्यबाद दिँदै यस्तो स्तम्भले ऐतिहासिक तथ्य प्रष्ट पार्ने बताए। त्यसैगरी बिर्तामोड नगरपालिकाका नगर प्रमुख प्रसाईले बजेटले भ्याएसम्म नगरपालिकाको तर्फबाट स्तम्भ निर्माणमा सहयोग गरिएको र थप सहयोग गर्ने आश्वासन दिइन् ।

आर्थिक समिति सहसचिव टेकबहादुर देवानले स्तम्भ निर्माणमा १९ लाख २० हजार ६३० रुपैयाँ खर्च भएको आर्थिक प्रतिबेदन प्रस्तुत गरेका थिए । प्रतिष्ठानका उपाध्यक्ष मनु मुखियाले स्वागत गरेको कार्यक्रममा सहयोगी दाताहरुलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो । सोही अवसरमा समितिले प्रकाशन गरेको भूपू सैनिक स्मृति प्रतिष्ठान स्मारिका बिमोचनसमेत गरिएको थियो । कार्यक्रमको संचालन सचिव चामबहादुर लिम्बुले गरेका थिए ।

# मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु

झापा(प्रस) । झापाको कमल गाउँपालिकामा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

शनिवार राति ११.३० बजेको समयमा कमल गाउँपालिका वडा न.३ सानो केर्खास्थित राजमार्गमा दमकबाट बिर्तामोडतर्फ आउँदै गरेको बा ६४ प १४०० नं. को मोटरसाईकल आफै अनियन्त्रित भई कल्भर्टमा ठोक्किन गई दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाईकल चालक अर्जुनधारा नगरपालिका वडा न.४ बस्ने २७ वर्षीय पिरती भन्ने विष्णु लिम्वूलाई उपचारको लागि बीएण्डसी अस्पताल विर्तामोड पठाईएकोमा अस्पताल पुऱ्याउनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए ।

मोटरसाइकलको पछाडी सवार सोही ठाउँ बस्ने १५ वर्षीय विपल नेपालको सोही अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

उता इलाममा मोटरसाइकल दुर्घटनामा परी श्रीमान श्रीमती गंभीर घाइते भएका छन् । आइतवार बिहान १०.३५ बजेको समयमा इलाम नगरपालिका १ मिलगोलाईस्थित मेची राजमार्गमा पाँचथरबाट झापातर्फ आउँदै गरेको मे ११ प ९१५३ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकको दाँया साइडको पिलरमा ठोकी सडकबाट अं. १०फिट झरेर दुर्घटना भएको थियो । दुर्घटनामा चालक पाँचथर फिदिम नगरपालिका ९ बस्ने अन्दाजी

❖ बाँकी तेस्रो पृष्ठमा




## नेपाल कम्युनिष्ट पार्टी (एमाले)
**Communist Party of Nepal (UML)**
जिल्ला कार्यालय झापा/Jhapa District Office

# प्रेस विज्ञप्ती

मिति : २०८१/०१/०२

नेकपा (एमाले) कोशी प्रदेश कमिटी सदस्य तथा जिल्ला समन्वय समिति झापाका पुर्व प्रमुख क. सोमनाथ पोर्तेलमाथि हल्दिबारी गाउँपालिकाका पुर्व उपाध्यक्ष डम्बर बहादुर गिरीले दिएको विभेदजन्य अभिव्यक्तिले नेपाली समाजको सद्भावलाई खलबल्याउन दुरुत्साहन गरेको छ भने नेपालको संविधान, जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन २०६८ को ठाडो उल्लंघन भएको छ ।

कानुनी रुपमा वर्जित गरिएका यस प्रकारका उदण्ड र विध्वंस मचाउन खोज्ने उत्श्रृङ्खल गतिविधि साथै जातीय भेदभाव तथा छुवाछुतजन्य घटनाको हाम्रो पार्टी नेकपा (एमाले) जिल्ला कमिटी झापा खेद व्यक्त गर्दछ । दोषीलाई तत्काल कानुनी दायरामा ल्याई कडा भन्दा कडा कारवाही गर्न सम्बन्धित पक्षसंग जोडदार माग गर्दछ ।

क. तुलसी कार्की
सचिव

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-8, भद्रपुररोड, झापा (यामाहा शोरूम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

केन्द्रीय सचिव : युवराज कार्की (पर्वत)

**नेपाल लेखापढी कानून ब्यवसायी संघ परिवार झापा**

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

**सन्तोष ट्रेडिङ परिवार**

भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रि. : मिनादेवी भट्टराई

**बिदुर बोर्डिङ स्कूल परिवार**

भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

**समाजसेवी पुरुषोत्तम अधिकारी तथा परिवार**

भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : मेघराज बास्तोला सचिव: पारस मैनाली

**बिर्तामोड साना शहरी खानेपानी तथा उपभोक्ता संस्था परिवार**

बिर्तामोड, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नव बर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरु, बुबाआमाहरु, शिक्षा क्षेत्रका सबै पेशागत संस्थाका पेशाकर्मीहरु, जनप्रतिनिधिहरु, माननीय ज्यूहरु, सुरक्षाकर्मी, मिडियाकर्मी, निजामती कर्मचारी, शिक्षक, विद्यालय कर्मचारीहरु, अभिभावकहरु, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी भाईबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। साथै यो सालको उमंगहरुले दशकौंदेखि सरकारबाट अन्याय र विभेदमा परेका हजारौं पीडित सार्वजनिक विद्यालयका अस्थायी रुपमा कार्यरत कर्मचारीहरुको न्यायोचित जायज माग मुद्धाहरु शिक्षा विधेयक र २०८० को नयाँ ऐन, नियमावलीमा दरबन्दी, सुविधा, उपदानहरु प्राप्त हुन सकून् भन्ने पनि शुभकामना व्यक्त गर्दछौं ।

सचिव : विश्वविक्रम दाहाल ९८१६९२७९०८ अध्यक्ष : चन्द्रप्रसाद प्रसाई ९८२४९७६९९१ ९८४२७११४०६

**नेपाल विद्यालय कर्मचारी परिषद्, तथा सम्पूर्ण जिल्ला समिति परिवार झापा**

नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल डा.पृथ्वीबिक्रम राई

**एमरेल्ड एकेडेमी स्कूल परिवार**

भद्रपुर, झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : रविन्द्रप्रसाद लिङ्देन उपाध्यक्ष : लक्ष्मीदेवी मैनाली

प्रमुख प्रशासकीय अधिकृत : मानबहादुर बन

**हल्दिबारी गाउँपालिका कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : कालेन्द्रप्रसाद सिंह राजवंशी उपाध्यक्ष : नवराज भट्टराई

प्रमुख प्रशासकीय अधिकृत : सुवासचन्द्र सुमन

**कचनकवल गाउँपालिका कार्यालय परिवार**

बनियानी , झापा

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : टेकबहादुर खड्का (काजी)

**भद्रपुर १० वडा कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

नगरप्रमुख : बलदेव सिंह गोम्देन उपप्रमुख : खड्गमाया पराजुली

प्रमुख प्रशासकीय अधिकृत : त्रिलोचन रिमाल

**अर्जुनधारा नगरपालिका कार्यालय परिवार झापा**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

नगरप्रमुख : मेगाहाङ थोप्रा (रोशन) उपप्रमुख : नरमाया कार्की

प्रमुख प्रशासकीय अधिकृत : अमृतबहादुर राई

**शिवसताक्षी नगरपालिका कार्यालय परिवार झापा**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : अग्निप्रसाद पाण्डे

**बिर्तामोड नगरपालिका -१ नं वडा कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : रोहित प्रसाई

**बिर्तामोड नगरपालिका -५ नं वडा कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : हरिप्रसाद चौलागाई

**बिर्तामोड नगरपालिका -९ नं वडा कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : मदन बुढाथोकी

**बिर्तामोड नगरपालिका -३ नं वडा कार्यालय परिवार**

नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यु, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

वडाध्यक्ष : अविरल कृष्ण खरेल

**बिर्तामोड नगरपालिका -७ नं वडा कार्यालय परिवार**


# वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौ ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# विद्यार्थी टिकाऊ

हरेक वर्ष शैक्षिक सत्र शुरु हुने बेलामा विद्यार्थी भर्ना अभियान शुरु हुन्छ । शिक्षा मन्त्रालयले निरन्तर चलाउँदै आएको ‘विद्यालय भर्ना अभियान’ को ‘उपादेयता सिद्ध हुनसकेको छैन । करिब दुई दशकदेखि चलाइएको सरकारी अभियानबाट वार्षिक ‘१५ दिने कर्मकाण्ड’मा सीमित हुनपुगेको हो ।

विद्यालयमा कक्षा १ मा भर्ना भएको कागज मिलाएपछि उपलब्धिको प्रतिवेदन बनाउन त सजिलै होला तर त्यतिले अभियानको औचित्य सिद्ध हुँदैन । सरकारलाई भने ‘कागजी घोडा’ दौडाउनमा सीमित छ ।

सरकारी तथ्याक्त र विवरणहरुले नै भर्ना अभियान असफल भएको देखाएका छन् । सरकारले भने कहिल्यै तिनमा गम्भीर देखिएन । यस वर्ष पनि अभियानको नाममा तामझाम सुरु भएको छ ।

देशका प्रधानमन्त्रीदेखि विद्यालयका शिक्षकसम्म भर्ना अभियानको तामझाममा संलग्न भएका हुन्छन् । प्रत्येक वर्ष वैशाख १ देखि १५ दिनसम्म विद्यालय भर्ना अभियानका नाममा राज्यको खर्चमा विभिन्न तामझाम गरिन्छ ।

सामुदायिक भनिने सरकारी विद्यालयमा अभियान चलाइए पनि भर्ना हुने बालबालिकाको संख्या भने घटिरहेको छ । अर्कातिर, संस्थागत भनिने निजी क्षेत्रका विद्यालयमा भर्ना हुनेको अनुपात बर्सेनि बढेको देखिन्छ ।

विसं २०७० सालमा कक्षा १ मा ११ लाख ७१ हजार ९१६ जना बालबालिका भर्ना भएका सरकारी विवरणमा देखिन्छ । तिनीहरूमध्ये आखिर ५ लाख १६ हजार ५७७ मात्र २०७९ को माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सामेल भएका थिए । अर्थात्, आधाभन्दा बढी विद्यार्थीले विद्यालय शिक्षा पूरा नगरी बीचैमा पढाइ छाडेछन् । यीमध्ये केही निजी विद्यालयमा गए होलान् तर पढाइ बीचैमा छाड्ने संख्या पक्कै पनि सानो छैन । यसैले यो चिन्ताको विषय हो ।

दुर्भाग्य, यी विद्यालय तहमै हराएका बालबालिका कहाँ छन् र किन उनीहरुले विद्यालय शिक्षा पूरा नगरी बीचैमा पढाइ छाड्नुपर्‍यो भन्ने सही विवरणसमेत राज्यसँग छैन । सामान्य विवरणसमेत नराख्ने सरकारले कारण पहिल्याएर समाधान गर्ने अपेक्षासम्म पनि गर्न सकिँदैन ।

ग्रामीणमात्र होइन सहरी क्षेत्रमा समेत कतिपय विद्यालय विद्यार्थी अभावको कारण देखाएर बन्द गरिएका वा अर्को विद्यालयमा गाभिएका छन् । त्यसरी बन्द गरिएका वा गाभिएका विद्यालय क्षेत्रका बालबालिकालाई विकल्प भने दिइएको हुँदैन । तिनीहरू हिँडेरै घरबाट टाढाको विद्यालय जानुपर्छ । त्यस अवस्थामा विद्यालय बीचैमा छाड्नुपर्ने बाध्यता हुन्छ ।

अहिले विद्यालय भर्ना बढाउन अभियान चलाउनुपर्ने अवस्था भए नभएको विषयमा गहिरो अध्ययन हुनु आवश्यक छ । विद्यालय छाड्नेको संख्या हेर्दा त विद्यार्थीलाई टिकाउन बढी ध्यान दिनुपर्ने देखिन्छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# टिएमजे, गुराँस र जलवायु परिवर्तन



• तुलसीराम खरेल

म त लाली गुराँस भएँछु
वनैभरि फुलिदिन्छु
मनैभरि फुलिदिन्छु.....

क्षेत्रप्रताप अधिकारीले रचना गरेको र स्वरसम्राट नारायण गोपालले लय मिलाएर गाएको माथिको चर्चित नेपाली गीत नसुन्ने हामी कमै होलाउँ । तर गीतमा भनिएको वनैभरि फुलेको देखेर मनैभरि सजाउने सौभाग्य पाउने भने हामी कमै होलाउँ।

नेपालको नाम सुन्नेबित्तिकै सगरमाथा,गौतम बुद्ध, वीर गोर्खाली मात्र होइन, गुराँस फुल्ने सुन्दर देश भनेर पनि चिनिन्छ । नेपालको राष्ट्रिय फूल नै लाली गुराँस राखिएको छ । यसको सुन्दरताको अवलोकन गर्न, डाँडा पाखाभरि ढकमक्क फुलेका फूल हेरेर रमाउन, मनै हेरर लैजाने प्राकृतिक दृश्यलाई हृदयभरि सजाउन हजारौं स्वदेशी र बिदेशी मानिसहरु यो मौसममा टिएमजे क्षेत्रमा देखिन्छन् । तर हामी धेरैलाई टिएमजेको बारेमा त्यति जानकारी नहुन सक्छ। धेरै पर्यटकहरु गुराँस हेर्न, रमाउन तथा त्यति नै संख्यामा गुराँसको अध्ययन अनुसन्धान गर्न समेत रुचि राखेर त्यो क्षेत्रमा धाउँछन् । यहि मौसममा यहाँको भ्रमण गरिन्छ । स्वदेशी धेरै आकांक्षा राख्नेहरुलाई र अन्य सबैलाई केही जानकारी होस् भन्ने हेतुले धेरै पटक भ्रमण गरिएको आफ्नो अनुभवहरु समेत समेटेर यो आलेख तयार गरिएको छ।

**टिएमजे(TMJ) भनेको के हो ?**

टिएमजे भन्नाले तीनजुरे मिल्के जलजले भन्ने बुझिन्छ। यो क्षेत्र ताप्लेजुङ, तेह्रथुम र संखुवासभा जिल्लामा फैलिएको छ। तीन जिल्लाका सिमावर्ती यो भूभाग गुराँसको लागि संसारैभरि प्रसिद्ध छ। डाँडाभरि रातै भएर फुलेका गुराँसका बोटहरुले नोटका बिट्टा बर्षाउन र त्यो क्षेत्रको काँचुली फेराउन सक्षम हुनेछन् ।

टिएमजे २७घ६झ ५७झझ



देखि २७घ३०झ२८झझ उत्तरी अक्षांश र ८७घ१९झ४६झझ देखि ८७घ३८झ१४झझ पूर्वी देशान्तरको बिचमा रहेको झण्डै ५८५ वर्ग किमिमा फैलिएको एउटा भूगोल हो। यसको लम्बाइ ३०-४० किमि उत्तर दक्षिण र ५-२५ किमि पूर्व पश्चिम रहेको छ। यो नेपालको निम्न हिमाली र हिमाली क्षेत्रमा पर्ने भाग हो। तीनवटा जुरो जस्तो देखिने सुन्दर पहाडको आकृति हेरेर तिनजुरे नामकरण गरिएको हो । तीनजुरे तेह्रथुम र संखुवासभा जिल्लामा पर्दछ भने मिल्के र जलजले भने ताप्लेजुङ , संखुवासभा र तेह्रथुमको सिमावर्ती क्षेत्रहरुमा पर्दछ । टिएमजेलाई नेपालको गुराँसको राजधानी भनिन्छ।

**यहाँ के के देख्न पाइन्छ?**

यो क्षेत्र नेपालको गुराँसको राजधानी भएकोले चैत्र बैशाख महिनामा यहाँको मुख्य आकर्षण भनेकै ढकमक्क फुलेका गुराँसका बोटहरुले धपक्कै बलेका सुन्दर पहाड र वनपाखा हेर्नु हो। यहाँनेर नेपालमा पाइने ३२ मध्ये २८ प्रजातिका गुराँस पाइन्छन् ।समुद्री सतहबाट ३६८० मिटर उचाईमा रहेको तीनजुरेबाट सूर्योदय र सूर्यास्त हेर्न सकिन्छ। कञ्चनजङ्घा र मकालु हिमाली शृङ्खला मज्जाले देखिन्छ । तीनजुरेको २८००मिटर उचाइमा रहेको तीनजुरे पाथिभरा मन्दिर तथा नजिकैको साकेलाथान अर्को आकर्षण रहेकोछ। भर्खरै मात्र पाथिभरा देवीको आकर्षक मूर्ति राखिएको छ। कोशी प्रदेश सरकारको रु दश करोडको योजना मुताविक धमाधम पूर्वाधार विकासका कामहरु भैरहेको छ। उत्तरतिर गोठखोला र दक्षिणतर्फको धनकुटा बिचमा रहेका हरेक कुराले मानिसको मन चोरेरै लैजान्छन् । सभापोखरी, गुफापोखरी, भिमसेन ढुङ्गा अन्य महत्वका स्थानहरु हुन् । भिमसेन ढुङ्गा पाण्डवसँग जोडिएको महाभारतकालीन स्थान हो भने गुफापोखरी भगवान शिवसँग जोडिएको स्थान हो। टुटे देउराली बजारकै छेउमा जङ्गलको बिचमा रहेको तीनजुरे पार्क अनि तीनजुरेको टपमा रहेको भ्यू टावर नहेरी चित्त बुझ्दैन। ह्यातुङ्ग झरना, अरुण तमोर नदी र तिनका उपत्यका , जलजले हिमाल आदिले सुनमा सुगन्ध थप्ने नै भए।

यसको जैविक विविधता कस्तो छ ?

अनुसन्धानकर्ता लेखक आयुस सम्मोहनको समूहको अध्ययनको आधारमा यो क्षेत्र जैविक विविधताको हिसावले सम्पन्न छ ।यहाँ ३० प्रजातिका स्तनधारी जनावरहरु पाइन्छन् । त्यसमध्ये धेरै लोपोन्मुख समेत छन् ।स्नो लियोपार्ड, लियोपार्ड क्याट, मुस्क डियर, क्लाउडेड लियोपार्ड, हिमालयन पाल्म सिभ्ट, हनुमान लङ्गूर, घोरल, हिमालयन थार, स्याल, बार्किङ डियर, आसामी वानर आदि यहाँ छन् । त्यस्तै २७४ भन्दा बढी चराका प्रजाति यस क्षेत्रमा पाईन्छन् । काँडे भ्याकुर, डाँफे , मुनाल, हिमाली काग आदिले गाउँदै नाचेको देखिन्छ। सुनसान एकान्तमा कागको स्वरले सन्नाटा चिरिरहन्छन् ।

यहाँ २५० भन्दा बढी प्रजातिका वनस्पतिहरु भेटिएका छन् ।टेक्सस, रानी सल्लो, गोब्रे सल्लो, एबिस, उतीस, चाप , २८ प्रजातिका गुराँस , जतातलै सेतै फुलेका स्याम्बुकस होकेरीका बुट्टाले मनै लोभ्याउँछन् । गाढा रातो, गुलावी, कलेजी, सेतो गुराँसका झाडी र नाङ्गा चौरले त्यस क्षेत्रलाई स्वर्गको टुक्रो बनाएको छ।

**जलवायु परिवर्तनको असर कस्तो छ ?**

नेपाल जलवायु परिवर्तनको मारमा परेको विश्वको चौथो मुलुक हो। जलवायु परिवर्तनको दर अन्य क्षेत्रमा भन्दा हिमाली मुलुकहरुमा बढी देखिएको छ । त्यसमा पनि हिन्दू कुष हिमालयन क्षेत्रमा झनै असर गहिरो छ। नेपाल सेन्ट्रल हिमालयन क्षेत्रमा रहेरपनी ईस्टर्न र वेस्टर्न हिमालयको फ्यूजन पनि हो। त्यसकारण पनि जैविक विविधताका सोधार्थीले नेपालको अध्ययन गर्नै पर्दछ। तर यहाँको जैविक विविधता जलवायु परिवर्तनको चपेटामा परेको छ।

जलवायु परिवर्तनले संसारकै समुद्री , स्वच्छ जल तथा जमिनमा हुने पर्यावरणीय पारिस्थितिक प्रणालीमा असर पारेको कुरा पार्मेसनको सन् २००६ को अनुसन्धानले बताएको छ। त्यस्तै वनस्पति विविधतामा यसले असर गर्दछ भनी पेरेप्राको समूहले सन् २०१० मा बताएका छन् । वनस्पतिको भौगोलिक फैलावटमा यसले पारेको असर सन् २०२१ मा झाङ्गो समूहले अध्ययन गरेको थियो। उच्च पहाडी र हिमाली क्षेत्रमा वनस्पतिको बदलिँदो पर्यावरणसँग जुध्ने क्षमता ह्रासबारे सन् २०१५ मा पोमको समूहले र सन् २०१९ मा पेपिनको समूहले अध्ययन गरेका छन् ।

यसै बसन्तको चैत्र अन्तिम साता स्वयं पंक्तिकार त्यहाँ पुग्दा गुराँसको फूल नअडिएको समस्या स्थानीय र गुराँसमा काम गर्नेहरुले बताए। यस बर्षको लामो हिउँदे खडेरीले फूल कम फुलेका, फूल कोपिलावस्थामै झरेको भन्ने बुझियो तर यसको बैज्ञानिक अध्ययन जरुरी देखिन्छ । चैत्र मध्यको बर्षापछि मात्र फूल मज्जाले फक्रन थालेका र कोपिला अडिन सकेका स्थानीयले बताए।गुराँसको राजधानी तीनजुरे मिल्के जलजले जाउँ, गुराँसमा रमाउँ र स्थानीय पर्यटनलाई टेवा दिउँ। अस्तु !

tulasikharel2015@gmail.com

# गुणस्तरीय सामुदायिक विद्यालय



• हरिबहादुर थापा

विद्यालय तहको १० कक्षापछि लिइँदै आएको एसइई गत महिना समाप्त भयो । विसं १९९० देखि सुरु भएको एसएलसी परीक्षाको एउटा अलग्गै छाप नेपाली समाजमा स्थापित थियो । केही वर्षअघिबाट कक्षा १२ सम्मको शिक्षालाई विद्यालय शिक्षाका रूपमा परिभाषित गरियो । एसएलसीको नाम परिवर्तन गरी माध्यमिक शिक्षा परीक्षा (एसइई) बनाइयो र यही अनुसार परीक्षा सञ्चालन भइरहेको छ । बदलिँदो समाज, शासकीय स्वरूप, सिकाइ पद्धति र परिस्थिति अनुसार १० कक्षापछि परम्परागत एसएलसीकै ढाँचामा एसइई लिनुको सान्दर्भिकता र औचित्यमाथि विभिन्न कोणबाट प्रश्न उठिरहेका छन् । तत्कालै यो प्रणाली हटिहाल्ने छनक पनि देखिएको छैन । अझै पनि एसइईको नतिजाकै आधारमा विद्यार्थीको बौद्धिक स्तर र विद्यालयको शैक्षिक गुणस्तर मापन गर्ने परिपाटी आमरूपमा स्थापित र विद्यमान रहेको छ । गुणात्मक नतिजा, विद्यार्थीको सिकाइस्तर, व्यावहारिक ज्ञानसहितको शिक्षा प्रणाली, राजनीतिक प्रभावबिनाको शैक्षिक वातावरण, शिक्षित जनशक्तिको स्वेदशमै सदुपयोग तथा विश्वस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने जस्ता मुद्दा अझै ओझेलमै परेका छन् । त्यसैले संविधानप्रदत्त शैक्षिक हकको संरक्षण र कार्यान्वयन गर्न राज्यका लागि चुनौती बन्दै गएको छ ।

विचाराधीन शिक्षा विधेयकले सामुदायिक विद्यालयको सञ्चालन र व्यवस्थापन चुस्त बनाउने र मुलुकभर निजीस्तरबाट सञ्चालित संस्थागत विद्यालयलाई नाफामुखीभन्दा सेवामुखी र व्यवसायिकभन्दा सामाजिक भावनाले सञ्चालन गर्न दीर्घकालीन रूपमा गुठीको अवधारणा विकास गर्न खोजेको थियो । यसलाई आमसर्वसाधारणले सकारात्मक परिवर्तनका रूपमा लिएका थिए तर संस्थागत विद्यालय सञ्चालकले तीव्र असहमति राखे । सरकारले अनिवार्य र निःशुल्क शिक्षाको नीति लिएर वार्षिक बजेटको उल्लेख्य अंश विद्यालय शिक्षाका लागि लगानी गर्दै आएको छ तर त्यसबाट अपेक्षित प्रतिफल हासिल हुन सकेको छैन । यसमा आम सरोकारवालाले चिन्ता प्रकट गर्दै आएका छन् । २०४६ सालसम्म १५ हजार नौ सय मात्र विद्यालय रहेकोमा हाल देशभर ३६ हजारभन्दा बढी विद्यालय सञ्चालित छन् । यीमध्ये २८ हजार सात सयभन्दा धेरै सामुदायिक विद्यालय नै छन् । संस्थागत विद्यालयको संख्या देशभर केबल सात हजार २२१ रहेका छन् । यसबाहेक गुम्बा, मदरसा तथा आश्रम जस्ता धार्मिक विद्यालय लगभग एक हजार रहेका छन् ।

सामुदायिक विद्यालयको यो उल्लेख्य संख्याले अहिले पनि मुलुकको शैक्षिक मूलधार भनेको सामुदायिक विद्यालय नै भएको स्पष्ट हुन्छ । निजी तथा संस्थागत विद्यालय सहरी क्षेत्र तथा सुविधा सम्पन्न स्थानहरूमा मात्र छन् । देशव्यापी रूपमा आमनागरिकका छोराछोरी पढाउन अहिले पनि सामुदायिक विद्यालय नै निर्विकल्प छन् । राज्यको ठुलो लगानी र प्राथमिकता सामुदायिक विद्यालयमा भए पनि यसको व्यवस्थापनमा भएको कमजोरीले निजी र महँगा विद्यालयले फस्टाउने मौका पाए । संवैधानिक रूपमा सामुदायिक विद्यालय व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा परेको छ । संवैधानिक यो जिम्मेवारीले मुलुकका विभिन्न स्थानमा सञ्चालित कतिपय विद्यालयको सञ्चालन र व्यवस्थापनमा उल्लेख्य सुधार भई यसप्रति आमनागरिकको आकर्षण बढेको छ । यसलाई संघीयता कार्यान्वयनपछिको एउटा सकारात्मक परिवर्तनका रूपमा लिन सकिन्छ ।

सामुदायिक विद्यालय राज्यका संरचना मात्र होइनन्, सामाजिक सम्पत्ति पनि हुन् । स्पष्ट रूपमा भन्नु पर्दा शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा निजी क्षेत्रले व्यावसायिक सफलता प्राप्त गरे पनि सर्वसाधारणको पहुँचसम्म उनीहरू पुग्न सक्दैनन् । शिक्षा र स्वास्थ्यमा ठुलो लगानी, दीर्घकालीन योजना र नियमन मात्र होइन, सामाजिक रेखदेख र सहभागिता अत्यावश्यक हुन्छ । यो सरकारबाहेक अरूले गर्न सक्दैन । नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षा क्रमशः निःशुल्क र अनिवार्य गरेको छ । यसका लागि मुलुकभरि रहेका सामुदायिक विद्यालय र तिनमा उपलब्ध स्रोतसाधन तथा शैक्षिक जनशक्तिको अधिकतम उपयोग गरी व्यवस्थापन गर्न सक्नु पर्छ । अनि गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्न तत्कालै सम्बन्धित स्थानीय तहहरूले पहल गर्नु जरुरी छ । आफ्नो स्थानीय तहको दिगो र वास्तविक विकास गर्ने हो भने विद्यालय सुधारबाट नै सुरु गर्नु पर्छ ।

नेपालको सामुदायिक शिक्षा प्रणाली असफल भएको होइन र यो हुनु पनि हुँदैन । मुलुकको निर्णायक तथा महत्वपूर्ण तहमा पुगेका अनि विश्वका विभिन्न मुलुकमा नाम कमाएका अधिकांश व्यक्तित्व सामुदायिक विद्यालयमै पढेका छन् । मुलुकको शिक्षालगायत सबै नीति निर्माण तहमा सामुदायिक विद्यालयमै अध्ययन गरेकै समूह धेरै छ भने हामी कसरी भन्न सक्छौँ कि सामुदायिक शिक्षा कमजोर छ, असफल छ भनेर । यसलाई अझ वृद्धि गर्न सामुदायिक विद्यालयमा वार्षिक भर्ना, प्रवेश परीक्षा, कक्षा वृद्धि परीक्षा तथा अनुगमन, व्यवस्थापन तथा नियन्त्रण अब प्रभावकारी रूपमा हुनु पर्छ ।

निःशुल्क शिक्षा अभियान कठिन अवश्य हो तर असम्भव छैन । अबको शिक्षा क्षेत्रलाई सामुदायिक विद्यालयमार्फत संविधानको मौलिक हक अन्तर्गतको शिक्षाको हकलाई कार्यान्वयन गर्नु पर्छ । यसले तत्काल र प्रत्यक्ष रूपमा निजी शैक्षिक संस्थालाई निरुत्साहित गरेजस्तो वा स्थानीय तहसमेतका राज्य र सङ्गठित संस्थालाई आर्थिक एवं व्यवस्थापकीय दबाब सिर्जना गरेजस्तो त देखिन्छ । अन्ततः शैक्षिक सरोकारवाला तथा आमनागरिकका लागि दीर्घकालमा हित गर्छ । यति मात्र होइन, शिक्षा क्षेत्रमा मौलाएको अस्वस्थ प्रतिस्पर्धा, यसको व्यावसायीकरण, विद्यार्थीमाथिको शारीरिक शोषण, अभिभावकमाथिको मनोवैज्ञानिक र आर्थिक दबाब, दोहोरो मापदण्डको शैक्षिक गुणस्तर तथा राज्यमाथि थोपरिँदै आएको अपजसको भारी कम गर्न पनि मद्दत गर्दछ ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको शैक्षिक गुणस्तर नराम्रो हुन्छ र निजी तथा महँगा विद्यालयका विद्यार्थीको शैक्षिक गुणस्तर राम्रो हुन्छ भन्नु पनि भ्रम सिवाय केही होइन भन्ने तथ्य सामुदायिक विद्यालयको नतिजाले स्पष्ट गरिसकेको छ । यो प्रमाणितसमेत भइसकेको तथ्य हो । चाहेर वा नचाहेर सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउने अभिभावक गरिब वा निमुखा होइनन् कि उनीहरू बुद्धिमान् हुन्, सच्चा राष्ट्रवादी हुन् भनेर बुझ्ने र गौरव गर्ने वातावरण सिर्जना गर्नु सबैको साझा दायित्व हो । व्यक्तिगत परिस्थिति, पारिवारिक बाध्यता र घरपायकमा व्यवस्थित सामुदयिक विद्यालयको अभावले चाहेर पनि अभिभावकले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउने वातावरण नभएको हुन सक्छ । यही कारणले निजी तथा संस्थागत विद्यालयमा पढाउनु परेको हुन सक्छ । ती विद्यार्थी र अभिभावकलाई सामुदायिक विद्यालय र यिनको क्षमतामाथि विश्वास नभएर होइन, केवल बाध्यता हो भनेर बुझ्नु पर्छ ।

सामुदायिक विद्यालयले नै मुलुकको शिक्षा क्षेत्र धानेको छ । हामीले सामुदायिक विद्यालय पढेका विद्यार्थीले निजी र सुविधासम्पन्न विद्यालयमा पढेका विद्यार्थीसँगको प्रतिस्पर्धामा पछाडि पर्छ कि भन्ने सामाजिक संकीर्णता र मनोवैज्ञानिक त्रासबाट विद्यार्थी तथा अभिभावकलाई मुक्ति दिलाउनु पर्छ । यस कार्यमा भलै केही समय किन नलागोस् । सामुदायिक विद्यालयको व्यवस्थापन, स्वामित्व तथा गुणस्तर वृद्धिका लागि त्यही विद्यालयमा अध्ययन गर्ने विद्यार्थी, विद्यार्थीका अभिभावक तथा स्थानीयवासीकै सहयोग लिनु पर्छ । यी व्यक्ति शिक्षाप्रेमी र गैरराजनीतिक पृष्ठभूमिको हुनु पर्छ । आफ्ना छोराछोरी निजी विद्यालयमा पढाउनेले सामुदायिक विद्यालयलाई सघाउन र यसप्रति चिन्तन गर्न सक्दैनन् । विद्यालयको गुणस्तरमा कुनै शंका छैन भन्ने सन्देश दिनका लागि पनि कम्तीमा यसको व्यवस्थापन, सञ्चालन, नेतृत्व र शिक्षणमा रहेका पदाधिकारीका छोराछोरी सामुदायिक विद्यालयमा अध्ययन गर्ने वातावरण बनाउनु पर्छ । सामुदायिक विद्यालयको व्यवस्थापनमा पुग्ने इच्छा मात्र भएर हुँदैन, निःस्वार्थ भएर हरेक समय विद्यालय, विद्यार्थी र पढाइको गुणस्तर वृद्धिका लागि काम पनि गर्न सक्नु पर्छ ।

**मोटरसाइकल...**

५१ वर्षीय रामप्रसाद लावती र पछाडि सवार उनकी श्रीमती ४६ वर्षीया मनकुमारी लावती गंभीर घाइते भएका छन् ।रामप्रसादको दाहिने खुट्टा भाँचिएको,अनुहारमा चोट लागेको अबस्था मध्यम रहेको र मनकुमारीको देब्रे पाटा खुस्किएको,शरीरको विभिन्न भागमा चोट रहेको,अवस्था गम्भीर रहेको इलाम प्रहरीले जनाएको छ । दुवै घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल इलामतर्फ पठाइएको छ ।

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

सचिव नारायणकुमार चम्लागाई
अध्यक्ष राजकुमार यादव

**झापा गाउँपालिका वडा नं १ को कार्यालय,** सितुमारी

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रमुख प्रशासकीय अधिकृत : गजेन्द्र थपलिया
कार्यवाहक अध्यक्ष : अन्जुदेवी थपलिया

**झापा गाउँ कार्यपालिकाको कार्यालय,** टाँघनडुब्बा ,झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : लिलाबहादुर बस्नेत सचिव : सन्देश मल्ल

**श्री लक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**
बिर्तामोड,झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

सचिव प्रतिमा रिमाल
अध्यक्ष मोहम्मद ताहिर मुल्वी

**झापा गाउँपालिका वडा नं ४ को कार्यालय ,** टाँघनडुब्बा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

सचिव रामजी अधिकारी
अध्यक्ष हिमालकुमार चम्लागाई

**झापा गाउँपालिका वडा नं २ को कार्यालय,** झापा बजार

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नेपालमा बढ्दै गइरहेका डेङ्गु रोगबाट बच्न सुत्ने बेलामा झुल लगाएर सुतौं, पुरा शरिर ढाक्ने लुगा लगाऔं, वरीपरि पानी जम्न नदिऔं । जन्म, मृत्यू, विवाह तथा सम्बन्धविच्छेद जस्ता कुराहरु समयमै दर्ता गराऔं साथै नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

सचिव शैलेन्द्र उप्रेती
अध्यक्ष सुभाषलाल गणेश

**झापा गाउँपालिका वडा नं ३ को कार्यालय,** कामाटोली

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रिन्सिपल डेनी कुजुर

**सेन्टकुजुर एकाडेमी परिवार**
भद्रपुर, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

मेडिकल सुपरिटेन्डेन्ट : डा. रामबाबु खड्का

**मेची प्रादेशिक अस्पताल**
भद्रपुर, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : प्रेमबहादुर गिरी

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**
जिल्ला कमिटी झापा परिवार

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष : पुनम चौहान सचिव : रमेश नेपाल

**बिजुली अफिस पूर्व टोल समिति परिवार**
अर्जुनधारा – ८ झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

**चन्द्रगढी वन समिति परिवार**
चन्द्रगढी, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रधानाध्यापक : खड्गप्रसाद खरेल

**श्री महेन्द्ररत्न माध्यमिक विद्यालय परिवार**
बिर्ताबजार, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रबन्ध निर्देशक : सुवास भट्टराई

**झापा इनर्जी परिवार**

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रो. रमेश नेपाल

**जयमाता ट्रेडर्स परिवार**
पुरानो भद्रपुर रोड बिर्तामोड, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

.तिर्थराज पोखेल

**ॐउन्नति पोख्रेल निर्माण सेवा परिवार**
चन्द्रगढी, झापा

---

## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रो. : मुकेश शाह

**रोश्नी ज्वेलर्स परिवार**
चन्द्रगढी बजार झापा

---


## नयाँ वर्ष २०८१ को शुभकामना

नयाँ बर्ष २०८१ को सुखद उपलक्ष्यमा देश बिदेशमा रहनु हुने सम्पूर्ण नेपालीजनहरुमा सुस्वास्थ्य एवम् दिर्घायुको शुभकामना व्यक्त गर्दछौं ।

प्रो. भगवानजी शाह

**सुनिता ज्वेलर्स परिवार**
चन्द्रगढी, झापा

---


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
**मानव डेन्टल**
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**

---

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् ।